# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## गन्यापधुरा गाउँपालिका
## डडेलधुरा





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. ५११

मितिः २०७७/३/३०

श्री अध्यक्षज्यू,

गन्यापधुरा गाउँपालिका, डडेलधुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७ मिति: २०७७/३/३०
च.नं. **५१२**

श्री अध्यक्षज्यू,
गन्यापधुरा गाउँ कार्यपालिकाको
कार्यालय, डडेलधुरा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.९४ लाख ९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१४ लाख ९७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३८ लाख ११ हजार नियमित गर्नुपर्ने रु.२९ लाख ४ हजार र पेश्की बाँकी रु. ११ लाख ९७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०९/४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न २ दफाको रु.२ करोड ४५ लाख २८ हजार असुल दाखिला, प्रमाण कागजात पेश हुन आएकोले उक्त दफाहरु प्रारम्भिक प्रतिवेदनबाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४ (चौबिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमूख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७८।३।२०

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# गन्यापधुरा गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न गन्यापधुरा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । गन्यापधुरा गाउँपालिका अन्तर्गत ५ वडा रहेको २८ सभा सदस्य १३५.६५ व.कि.मि. क्षेत्रफल, १५०९३ जनसंख्या रहेको छ । यो गाउँपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–**आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| सि. | आयतर्फ | | | सि | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रक | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३९०८३२४.९ | १ | चालु खर्च | | १८८३६२३३८. |
| | क) नगद | ० | ० | २ | पूँजीगत खर्च | | ७४४०६३४०. |
| | ख) बैंक | ३९०८३२४.९ | ० | ३ | विषयगत निकायबाट प्राप्त रकम र | ० | ० |
| २ | राजस्व (आन्तरिक आय) | | ४४८२९२६९. | | प्रदेश सरकारबाट प्राप्त अनुदान ख | ० | ० |
| | क) आन्तरिक राजस्व | ३१०८४६५ | ० | ४ | वित्तीय व्यवस्था भुक्तानी | | ० |
| | ख) राजश्व बाँडफाँड | ४१७२०८०४. | ० | | | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | ० | ० | | क) ऋण भुक्तानी | | ० |
| | घ) अन्य आय | ० | ० | | ख) ब्याज भुक्तानी | | ० |
| ३ | वित्तीय हस्तान्तरण | | १९६५६६१४४. | | ग) अन्य भुक्तानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदा | ६४५८२००० | ० | ५ | लगानी | | ० |
| | ख) सशर्त अनुदान | १३१९८४१४४. | ० | | ऋण लगानी | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | | शेयर लगानी | | ० |
| | घ) विशेष अनुदान | ० | ० | | अन्य लगानी | | ० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदा | | ७९६४००० | ६ | धरौटी फिर्ता | | ० |
| | क)वित्तीय समानीकरण अनुदा | ६६३१००० | ० | ७ | को.ले.नि.का फिर्ता | | ० |
| | ख) सशर्त अनुदान | ० | ० | ८ | कोष खर्च | | ० |
| | ग) समपूरक अनुदान | १३३३००० | ० | ९ | मौज्दात | | १४९७५४५१. |
| | घ) विशेष अनुदान | ० | ० | | क) नगद मौज्दात | | ० |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | ० | | ख) बैंक मौज्दात | | ० |
| ६ | अन्तर सरकारी तहबाट प्राप्त | ० | ० | | मूल सञ्चित कोष | | ० |
| ७ | वित्तीय व्यवस्था प्राप्ति | | ० | | धरौटी खाता | | ० |
| | क) ऋण प्राप्ति | | ० | | मर्मत सम्भार कोष | | ० |
| | ख) साँवा प्राप्ति | | ० | १ | विविध खर्च | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| ८ | विभिन्न कोषतर्फको आय | | ० | | | | ० |
| ९ | जनसहभागिता (नगद) | | ० | | | | ० |
| १० | विषयगत निकायबाट प्राप्त र | | २४४३५००० | | | | ० |
| ११ | धरौटी आय | | ४१३९२ | | | | ० |
| १२ | लगानीको साँवा फिर्ता | | ० | | | | ० |
| १३ | अन्य विविध आय | | ० | | | | ० |
| | जम्मा | | २७७७४४१३१. | | जम्मा | | २७७७४४१३१ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी ब्यवस्थापन पक्षमा रहेको छ । रु.३ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।८।२८ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने ब्यवस्था अनुसार २०७५ आषाढ २५ गते गाउँ सभामा आय व्ययको अनुमान पेश भई आषाढ ३२ मा सभाबाट पारित भै प्रमाणीकरण भएको छ । | |

गाउँ सभाबाट स्वीकृत नीति तथा कार्यक्रम अनुसार कुल आय रु.२३ करोड ८२ लाख ६९ हजार तथा खर्चतर्फ चालु खर्च रु.५ करोड ८२ लाख २२ हजार, पूँजीगततर्फ रु.१७ करोड ८८ लाख १३ हजार समेत २३ करोड ७० लाख ३५ हजारको अनुमान पेश भएकोमा देहाय बमोजिमका गाउँपालिकास्तरिय तथा वडास्तरिय कार्यक्रममा बाँडफाँड गरेको देखियो ।

| सि.नं. | क्षेत्रगत कार्यक्रम | कार्यक्रम संख्या | विनियोजित बजेट (रु. हजारमा) |
|---|---|---|---|
| **क**) गाउँपालिका स्तरिय कार्यक्रमहरु | | | |
| १. | कृषि | ४३ | ४१०० |
| २. | पशु सेवा | १७ | ४००० |
| ३. | स्वास्थ्य | १७ | ८१५१ |
| ४. | शिक्षा | ९ | २३९५ |
| ५. | वन तथा वातावरण | ६ | १००० |
| ६. | पूर्वाधार विकास | २१ | ३६९४० |
| ७. | विविध कार्यक्रम | १५ | १०२२८ |
| **ख**) वडास्तरिय कार्यक्रम (वडा नं. १ देखि ५ सम्म ) | | १९७ | २५८३२ |

गाउँपालिकाले उपरोक्त ८ वटा क्षेत्रगत कार्यक्रम अन्तर्गत ३२५ वटा योजनाहरु सञ्चालनमा ल्याउने गरी बजेट तथा कार्यक्रम बाँडफाँड गरेकोमा उपरोक्त कार्यक्रम कार्यान्वयन गरी सो को भौतिक तथा वित्तीय प्रगति समेतको बार्षिक प्रगति प्रतिवेदन तयार गरेको देखिएन । गाउँपालिकाले कार्यन्वयनमा ल्याएका योजना तथा कार्यक्रमको वार्षिक प्रगति तयार गरी समिक्षा गनुपर्दछ । बजेट खर्च गर्ने तर खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| ***१.*** | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५८००००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.३१०८४६५।- अर्थात अनुमान भन्दा २०.४८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई थप ध्यान दिनुपर्दछ । | |
| २. | **खर्च गर्ने अख्तियारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । सो अनुसार ऐनमा तोकिएको समय सिमाभित्र अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गरेको पाइयो । प्रमूख प्रशासकिय अधिकृतले वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था अनुरुप अध्यक्षबाट आषाढ २४ मा बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गरेका छ । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी वडास्तर सम्म प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ३. | **आन्तरिक आयः**<br>कार्यालयले यो वर्ष रु.३१०८४६५।- आन्तरिक आय प्राप्त गरेकोमा गाउँपालिका अन्तर्गतका ५ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । गाउँपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी गाउँपालिकामा पठाउने र गाउँपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ४. | **आयव्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत अभिलेख राखी ऐनको परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ५. | **मध्यकालिन खर्च संरचना :**<br>अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६. | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७. | **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :**<br>निकायको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा उल्लेख भएका तपसिल व्यवस्थाहरु कार्यान्वयन भएको देखिएन :<br>• कृषि क्षेत्रको पकेट विस्तार गर्ने,<br>• विद्युतिय सञ्जालमा गाउँपालिकालाई एकिकृत गर्ने,<br>• रोजगार बैंक स्थापना गरी बेरोजगारी घटाउने,<br>• सूचना प्रविधिको प्रयोगमा वृद्धि गरी सुशासन वृद्धि गर्ने,<br>• एक घर एक खानेपानी धारा । | |
| ८. | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९. | **बजेट अबण्डा** :<br>विनियोजन ऐन, २०७५ अनुसार गाउँ सभाले पारित गरेको बजेट तथा कार्यक्रम अनुसार बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा गाउँपालिकाले भैपरी आउने खर्च शिर्षक राखी रु.१९०००००।- बराबरका कार्यक्रम बजेट अबण्डा राखेको देखियो । योजना स्वीकृत नगरी बजेट व्यवस्था गर्न नमिल्ने, त्यसको लागी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| १०. | **चौमासिक खर्चः**<br>गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.७४४०६३४०।- निकासा भएकोमा प्रथम चौमासिकमा रु.११२११७८३।- अर्थात १५.०७ प्रतिशत, दोश्रो चौमासिकमा रु.२२०००५२९।-, अर्थात २९.५७ प्रतिशत र तेश्रो चौमासिकमा रु.४११९४०२८, अर्थात ५५.३६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२३०७२२०४।- अर्थात ३१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.७७८६००४।४७ संघीय संचित कोषमा दाखिला भएको छ ।<br>**मुक्त हलिया पुनर्स्थापना कार्यक्रम** अन्तर्गत प्राप्त रु.२ करोड ४४ लाख ३५ हजार सशर्त अनुदान निर्धारित कार्यक्रममा खर्च नगरी मूल कोषमा सारेर खर्च जनाएको रकम प्रतिक्रियाको क्रममासञ्चित कोषमा दाखिला भएको छ । | |
| १२. | **राजश्व अभिलेख :**<br>लेखापरीक्षणको क्रममा गाउँपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट गाउँपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । गाउँपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १३. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन:** | |
| १४. | **तलबी प्रतिबेदन :**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १५. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्रोत नक्साङ्कन (गाउँ प्रोफाइल) तयार गरेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा गाउँ प्रोफाइलको कार्यान्वयन गर्न पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले उपलब्ध अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६. | **कर्मचारी व्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी २७ रहेता पनि पदपूर्ति ४ रहेको देखियो । रिक्त रहेका २३ पदमध्ये ६ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| १७. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत गर्नुपर्नेमा अभिलेख अद्यावधिक गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको,<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>● कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>● कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार नगरिएको,<br>● यस गाउँपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>● *विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको पाइयो ।* | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।*<br>• *सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।*<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक कियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको, | |
| *१८.* | **रसिद नियन्त्रण प्रणाली :**<br>कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्दछ । कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |
| *१९.* | **बार्षिक खरिद योजना/ गुरुयोजना -**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७४४०६३४०।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजनासमेत नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| *२०.* | ***सवारी साधन खरिदको विवरण*** *: गाउँपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः* | |

| क्र. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीप | १ | ३७९०००० | अध्यक्ष, पदाधिकारी | |
| २ | मोटरसाइकल | १ | ४९०९०० | प्राविधिक कर्मचारी | |

| | | |
|---|---|---|
| *२१.* | ***सेवाप्रवाहको स्थिति :*** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | *गाउँपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :* | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ... तथा नयाँ ...) | पेश नभएको |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | " |
| ३ | स्थायी इजाजत प्रदान DPC Level 2074/75 | " |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | " |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | " |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | " |
| | **पञ्जिकरण तर्फ** | |
| ७ | जन्मदर्ता | ४६८ |
| ८ | मृत्यू दर्ता | |
| ९ | बसाईसराई दर्ता | पेश नभएको |
| १० | विवाहदर्ता | " |
| ११ | अन्य | ८४० |
| | **अन्य सिफारिस** | - |
| १२ | घरबाटो सिफारिस | ७८ |
| १३ | नागरिकता सिफारिस | ४३७ |
| १४ | नाता प्रमाणित | ९८ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | कालोपत्रे सडक निर्माण | नभएको |
| १६ | कालोपत्रे सडक मर्मत | " |
| १७ | ग्राभेल सडक निर्माण | " |
| १८ | ग्राभेल सडक मर्मत | " |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको गाउँपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।

२२. ***कानून निर्माण र कार्यान्वयन :***

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :*

| सि.नं. | कानूनको नाम |
|---|---|
| १. | गन्यापधुरा गाउँपालिकाको विनियोजन ऐन,२०७५ |
| २. | गन्यापधुरा गाउँपालिकाको आर्थिक ऐन,२०७५ |
| ३. | बजार अनुगमन निर्देशिका, २०७४ |
| ४. | पदाधिकारी आचारसंहिता |
| ५. | गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ |
| ६. | बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७४ |
| ७. | गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ |
| ८. | गन्यापधुरा गाउँ कार्यपालिकाको विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ |
| ९. | गाउँकार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४ |
| १०. | एफ एम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ११. गाउँकार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४<br>१२. गाउँपालिका शिक्षा कार्यनीति,२०७४<br>१३. करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५<br>१४. न्यायीक समिति विधेयक<br>१५. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५<br>१६. एकिकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४<br>१७. स्थानीय तह सहकारी ऐन<br>१८. अपाङ्ग परिचयपत्र कार्यविधि | |
| २३. | ***कल्याण कोष :***<br>*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सो ब्यबस्था अनुसार यस गाउँपालिकाको सभाबाट बजेट बिनियोजन गरी कर्मचारी कल्याण कोष खातामा ल्याएको पाइएन । स्थानीय तहका कर्मचारीहरुले सेवा निवृत हुँदा प्राप्त गर्ने सेवा सुबिधामा भविष्यमा एकमुष्ट आर्थिक दायित्व पर्न जाने हुँदा आफ्नो गाउँपालिकाभित्रका कर्मचारीहरुको अवस्था समेतलाई मध्यनजर गरी कर्मचारी कल्याण कोषको ब्यवस्था गर्नुपर्दछ ।* | |
| २४. | ***विपद व्यवस्थापन कोष:***<br>*स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७० वमोजिम गाउँपालिकाले स्थानीय कानुनका अधारमा आकस्मीक कोषहरु स्थापना गरी कार्यक्रम संञ्चालन गर्न सक्ने व्यवस्था छ । कार्यालयले विपद व्यवस्थापन कोषमा रकम वाडफांड नगरी वडा स्तरमा रु ६ लाख २० हजार वजेट छुट्याएर खर्च गरेको देखियो । स्थानीय सरकार संञ्चालन ऐन २०७४ ले वडा स्तरमा यस्ता कोष खडा गर्न पाउने अधिकार नदिएको अवस्थामा वडा कार्यालयले विपद व्यवस्थापन कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्नु नियम संगत देखिएन । ऐनले अधिकार नदिएका कोष सृजना गरी वडा स्तरमा वजेट खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।* | |
| २५. | ***न्यायिक समिति :***<br>*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको ब्यवस्था रहेको छ । गाउँपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा ७ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले ३ वटा मुद्दा फछ्र्यौट गरेको छ भने ४ मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ । समितिले गाउँपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी गाउँपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाँउपालिकाले विशेष ध्यान दिनुपर्दछ ।* | |
| २६. | **स्थानीय तहका पदाधिकारी सुविधा :**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्थाअनुसार गाउँपालिकाबाट देहायबमोजिम रु. ३१५६०००/- सुविधा वापत भुक्तानी भएको छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि.नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ५ जना | कार्यपालिका सदस्य जना | सभाका सदस्य जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक तलव सुविधा | १५००० | २५००० | २००००. | १०००० | ५००० | ३१५६००० |
| २. | सञ्चार सुविधा (मासिक दरमा) | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | | | | | | ३१५६००० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २७. | **पदाधिकारी अन्य सुविधाः**<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बैठक भत्ता रु.१२७२०००।- खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु. | १२७२०००/- |
| २८. | **अनुगमनः** स्थानीय सरकार संञ्चालन ऐन २०७४ दफा ९२(४)अनुसार स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमहरु सम्पन्न भएपछि अनिवार्य अनुगमन गरी निर्माणमा भए गरेको स्थिती एवं सुधार सहितको सुझाव दिनुपर्ने व्यवस्था छ । सो अनुसार गाउँपालिकाबाट सम्पन्न भएका सडक लगायतका पूर्वाधारका कार्यक्रमको पटके अनुगमन गरिएको तर प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्ने कामको परिमाण, गुणस्तर लगाएतका विषयहरु उल्लेख नगरी केवल हस्ताक्षर मात्र गरी प्रतिवेदन दिने गरेको देखियो । ऐनको व्यवस्था अनुसार रु ५ लाख भन्दा माथी वजेट खर्च भएका योजनाको विधिवत गठित समितिले अनिवार्य रुपमा निर्माण कार्य सम्पन्न पश्चात विस्तृत अनुगमन गरी एकिन काम भएको परिमाणको भुक्तानी सिफारिसको आधारमा कार्यालयले भुक्तानी दिने व्यवस्था परिपालना हुन सकेको देखिएन । योजनाको अन्तिम भुक्तानी हुनु अगाडी अनुसूचिमा तोकिएको ढांचामा अनिवार्य अनुगमन प्रतिवेदन अद्यावधिक गरी समितिको सिफारीसका आधारमा भुक्तानी हुनु पर्दछ । | |
| २९. | **आर्थिक सहायताः**<br>गाउँपालिकाले विभिन्न व्यक्ति तथा संस्थाहरुलाई रु.११४४०००।- नगद आर्थिक सहायता बाँडेको देखियो । गाउँ कार्यपालिकाको नीतिगत निर्णय बिना नै वडागत सिफारिस मात्रको आधारमा बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा निजहरुलाई दिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको रु | ११४४०००/- |
| | ***कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्ः*** | |
| ३०. | **योजना र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त ब्यवस्थाको पालना गरिनु पर्दछ । | |
| ३१. | **लक्ष्य प्रगतिको स्थितिः**<br>गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा गाउँपालिकाले प्रगति विवरण तयार गरेको देखिएन । गाउँपालिकाबाट सञ्चालित १० वटा मूल कार्यक्रमको औषत प्रगति ७५ प्रतिशत रहेको पाइयो । कार्यालयबाट सञ्चालन गरिएका गाउँपालिका स्तरिय, वडा स्तरिय तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा प्रगति विवरण तयार गर्नुपर्नेमा कार्यक्रमगत खर्च तथा प्रगति प्रतिवेदन तयार गरेको देखिएन । वार्षिक प्रगति प्रतिवेदन तयार गरी समिक्षा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्नुपर्दछ । | |
| ३२. | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३३. | **सभाको निर्णय कार्यान्वयन-**<br>मिति २०७५।३। मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत १० वटा कार्यक्रम तथा अन्तर्गतका १३ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन अद्यावधिक रुपमा तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३४. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३५. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरेको अवस्था देखिन्छ । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३६. | **योजना हस्तान्तरणः**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३७. | **सार्वजनिक तथा सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३८. | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ३९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकम दैनिक भ्रमण भत्ता, कार्यालय सामान, विविध भैपरी आउने खर्च, भत्ता कार्यमा खचए भएको छ । कार्यालयले कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु खर्चमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेसी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ । | |
| | **वित्तिय समानिकरण (पूँजीगत)** | |
| ४०. | **मुल्य अभिबृद्धि करः** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आर्थिक विधेयक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित व्यवस्था एवं मू.अ.कर नियमावली, २०५३ को २१ औ संशोधनअनुसार ६(ग) को थप व्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पूतकलाई बिजकअनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले २०७६ जेष्ठ १५ पछाडीका भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ४४१७८९/- |
| ४१. | **न्यून बजेट योजनाः**<br>स्थानीय निकायहरुले समानीकरण तथा सशर्त अनुदानतर्फको कार्यक्रम तथा बजेट विनियोजन गर्दा रु.५ लाखभन्दा कम लागत अनुमानका योजनाहरु स्वीकृत गर्न नहुनेमा यस वर्ष उक्त उल्लेखित सीमाभन्दा कम (३०००० देखि ५ लाख सम्म) ८७ वटा योजनामा रु.३ करोड ६२ लाख बजेट तथा कार्यक्रम छुट्टाएको छ । | |

| सि.नं. | क्षेत्रगत कार्यक्रम | वडा नं. | योजना स्वीकृत संख्या | विनियोजित बजेट | खर्च |
|---|---|---|---|---|---|
| १ | सडक मर्मत | सबै वडागत | ८७ | ३६२१३००० | ३६२१३००० |
| २ | खानेपानी | " " | | | |
| ३ | सिंचाई | " " | | | |
| ४ | बिउ वितरण | " " | | | |
| ५ | अनुदान | " " | | | |
| ६ | खेलकुद | " " | | | |
| ७ | सडक निर्माण | " " | | | |

.

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२. | **उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी मार्फत गराएको :**<br><br>**क**.उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुनः तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडकहरु, लघु जलविद्युत योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुनः सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको कम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनि बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम १५ प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

**ख.** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएमा मेशीनको प्रयोग गर्न सकिने, यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुनः सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । गाउँपालिकाले ग्रामीण सडकका सबैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु सिधै निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. करसमेत बिलमा थप गरेर भुक्तानी लिएको अवस्था छ । एक्जाभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट सम्पन्न गराएका समितिहरुले सम्झौता गरेका योजनाका केही उदाहरण निम्न छन ।

| गो.भौ.नं. र मिति | उपभोक्ता समिति | सम्झौता रकम | ठेकेदारबाट गराएको कामको भुक्तानी रकम | ठेकेदारको नाम |
|---|---|---|---|---|
| ६५, ०७५/१०/२३ | सकायल कैलपालमाण्डौ सडक स्तरोन्नति.उ.स. | ६००००० | ६००००० | डि.के. कन्स्ट्रक्सन |
| २५, ०७५/८/१० | फल्टाडी कजाकोट दाउखोला स.नि.उ.स. | ३५००००० | ३५००००० | एस.के. कन्स्ट्रक्सन |
| ४१,०७५/९/८ | कैलपालमाण्डौ भेट्टिदेवल सडक उपभोक्ता समिति | १४००००० | १४००००० | डि.के. कन्स्ट्रक्सन |
| २६, ०७५/८/११ | विरखम्म सिमखोला सडक नि.उ.स. | ९०४००० | ९०४००० | दुर्गा गन्यापधुरा निर्माण सेवा |
| २८, ०७५/८/२० | रेलकापडी- कैलपालमाण्डौ सडक नि.उ.स. | २०००००० | २०००००० | डि.के. निर्माण सेवा |
| १००,०७५/१२/१४ | भत्यौडा- खडारीखेत सडक निर्माण उ.स. | ३४७७७० | ३४७७७० | डि.के. निर्माण सेवा |
| २५६,०७६/३/२५ | सुन्नागैरा बुङ्गाकोटी न्याउरी स.उ.स. | ४२२४०० | ४२२४०० | डि.के. निर्माण सेवा |
| २५७,०७६/३/२५ | मालीगाउँ-बजादेउ बगर सडक उ.स. | २६३४७५ | २६३४७६ | " " |
| २६९,०७६/३/२५ | वडा नं. घ, जनता मा.वि. कान्तिपुर सडक निर्माण समिति | ९६०००० | ९६०००० | पि.एच. इन्जिनियरिङ |
| जम्मा | | १०३९७६४५ | १०३९७६४६ | |

४३. **जग्गा खरीद सम्बन्धमाः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प स २०७४।०७५ च न २१३ मिति २०७५।२।१३ को परिपत्र अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम तोकिएको जिम्मेवारी पुरा गर्ने सन्दर्भमा स्थानीय तहले जग्गा प्राप्ती गर्दा साविक स्थानीय निकाय वा सरकारी निकायको नाममा रहेको वा कुनै जग्गा निशूल्क रुपमा लिने प्रकृयालाई प्राथमीकतामा राखी जग्गा प्राप्ती गनुपर्ने अवस्थामा सरकारी जग्गा दर्ता वा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति २०७१ ले तोकेका प्रकृया वमोजिमका कागजातहरु सहित प्रारम्भीक कार्वाही चलाउने अधिकारी तोक्न मन्त्रालयमा पठाई निकासा भए अनुसार गर्ने भनि मिति २०७५।२।१३ को नेपाल सरकार(सचिव स्तर)बाट निर्णय भएकोले सो परिपत्रमा उल्लेख भए वमोजिमका प्रकृया अवलम्वन नगरी सोझै जग्गा खरिद गरि भुक्तानी दिएको छ । एकिकृत गाउँपालिका भवन निर्माण गर्ने परीयोजनाका लागी गन्यापधुरा वडा न २ स्थीत

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विभिन्न ११ जना व्यक्तिको स्वामित्व रहेको १०-१४-१-३ क्षेत्रफल जग्गा प्रति रोपनी रु १९३०००। दरले व्यक्तिबाट सोझै मोलमोलाई गरी खरीद गरेको छ । उक्त ११ जनाको समुह मिली सुन्ना गैरा गैरी डाडा जग्गा व्यवस्थापन समिती गठन गरि उक्त जग्गा गाउँपालिकालाई बेचेको देखिन्छ । स्थानीय तहले जग्गा खरिद गर्दा तालुक निकायको निर्देशन परिपालना गर्नुपर्दछ । | |
| ४४. | **भेरिएसनः**<br>**१.** उपाध्यक्ष तथा अतिथि आवास भवन निर्माण कार्यको ल.ई. रु.५०५९१२०।९९ (मु.अ.करबाहेक) स्वीकृत भई नियमानुसार एस.के. निर्माण सेवासँग रु.५०५८७५०।- मा निर्माण सम्झौता मिति २०७४।९।२५ मा सम्पन्न भएको छ । निर्माण व्यवसायीले मिति २०७५।३।२० मा निर्माण सम्पन्न गर्ने गरी कार्यादेश भएकोमा विभिन्न कारणले निर्माण कार्य ढिला भएको अवस्था देखियो । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(ख) बमोजिम २०७५।७।३० मा गाउँपालिका अध्यक्षबाट भेरिएसन स्वीकृत भएको छ । भेरिएसन स्वीकृत गर्दा शुरु सम्झौता रकमको २४.९६ प्रतिशत बृद्धि गरी रु.६३२१५७१।१५ भई रु.१२६२८२०।५५ बढी भुक्तानी भएको देखियो । विभिन्न ६ वटा Items हरुमा शुरु परिमाणमा बृद्धि भएको कारण समयमा कार्य सम्पन्न हुन नसकेको, निर्माण व्यवसायीको सम्झौता अनुसारको समयसीमा समेत समाप्त भै म्याद थपसमेत हुन नसकेको अवस्थामा आधार प्रमाण वेगर भेरिएसन स्वीकृत गरी भुक्तानी दिएको छ ।<br><br>**२.** सभाहल घेराबार तथा पर्खाल निर्माण कार्यको ल.ई. रु.३९३९७००।- (मु.अ.करबाहेक) स्वीकृत भई नियमानुसार लाटा गन्याप निर्माण सेवाले रु.३९३९०६६।४१ (मु.अ.करबाहेक) मा २०७५।३।२० मा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माणका क्रममा विभिन्न ५ वटा Items को परिमाण बढेको भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(ख) बमोजिममा मिति २०७५।६।२३ मा पछि कार्यपालिकाको बैठकबाट भेरिएसन अनुमोदन गराउने गरी २४.९६ प्रतिशत बढी (शुरु सम्झौता रकमको) सम्झौता रकम रु.४९०७९८७।३१ भई रु.९७४८९०।९० बढी भुक्तानी भएको छ । ढिलो गरी मिति २०७६।२।३ मा पेश गरेको निर्माण व्यवसायीको बिल पछाडी कार्यपालिकाको बैठकबाट अनुमोदनसमेत हुन नसकेको, ठेकेदारले सम्झौता अनुसारको समयसीमा भित्र कार्य सम्पन्न गर्नसमेत नसकेको अवस्थामा ठोस आधार बेगर भेरिएसन स्वीकृत गरी भुक्तानी दिएका छ । | |
| ४५. | **सर्भे खर्च :**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ख (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा विस लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने र गुणस्तर र लागत विधि अनुसार प्रस्ताव मुल्याङ्कन गरी परामर्शदाता छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अशिग्राम रडुवा सडकको IEE तयारीवापत शान इन्जिनियरिङ कन्सल्टेन्सीलाई गो.भौ.नं. २३९, मिति २०७६।३।१८ बाट रु.४९९४६०।- भुक्तानी गरेको छ । परामर्शदाताले तयार गरेको सर्वे डिजाइन र लागत अनुमानको प्रतिवेदन तोकिएको गुणस्तरको भए नभएको सम्बन्धमा परीक्षण तथा मूल्याङ्कन गरेको देखिएन । यसरी तयार गरेका प्रतिवेदनलाई गाउँसभाबाट अनुमोदन गराई कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ४६. | **भुक्तानी (ब.उ.शि.नं.३६५८०९४)**<br>कार्यालयले सम्झौता वमोजिम भुक्तानी दिदा उक्त सम्झौता वमोजिम वस्तु वा सेवा प्राप्त भएपछि सम्झौतामा उल्लेखित रकम भुक्तानी गर्नु पर्दछ । जिल्ला प्राविधिक कार्यालयबाट हस्तान्तरित भै | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लवडा झोलुङ्गे पुलको फेविकेशन पाट्स उपलब्ध गराउनका लागि मालिका इञ्जियरिङ्ग धनगढी संग रु ७९०८१५।१९ को सम्झौता भएकोमा कार्यालयले उक्त सामान सप्लाई गरेको आधारमा पेश भएको रु.८०६९५४।- विजक को आधारमा भुक्तानी भएको छ । यसरी प्राप्त झोलुङ्गे पुलका पार्टस् योजनामा उपयोग गरी योजना सम्पन्न गर्नुपर्ने सम्झौता भन्दा बढी भएको रकम असुल हुनुपर्ने रु. | १६१३८/- |
| ४७. | **बिल भरपाईः** गो.भौ.नं. ४६, मिति ०७५।११।१७ बाट ICT Lab स्थापनाको लागि गणेश मा.वि. लाई रु.६५००००।- र पुस्तकालय व्यवस्थापनको लागि समैजी आ.बि. वडा नं. ३ लाई रु.६५००००।- तथा गो.भौ.नं. ४९, मिति ०७५।१२।४ बाट ICT Lab स्थापनाको लागि सरस्वति मा.वि. लाई रु.६५००००।- अनुदान निकासा दिएकोमा विद्यालय तथा गाउँपालिकाबीच भएको सम्झौताको बुँदा नं. ४ मा विद्यालयले चैत्र मसान्तभित्र विल भरपाई गाउँपालिकामा पेश गर्ने उल्लेख भएकोमा विद्यालयहरुले खर्चको बास्तविक बिल भरपाई पेश गरेको नदेखिँदा आवश्यक विल भरपाई पेश गनुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु. | १९५००००/- |
| ४८. | **अनुगमन खर्च (वित्तिय समानिकरण/चालु ) :** गाउँपालिकाले बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा भ्रमण आदेश वेगर विभिन्न समयको अनुगमन खर्च भनि भुक्तान गरेको निम्न बमोजिमको रकम नियम संगत नदेखिएको रु. | ४८७०००/- |

| गो भौ न र मिति | अनुगमन खर्च |
|---|---|
| १६०/२०७५/८/१७ | ८०००.०० |
| १७२/२०७५/८/२० | २५०००.०० |
| १९०/२०७५/९/८ | ५०००.०० |
| २५९/२०७५/१०/१५ | ३५०००.०० |
| २८७/२०७५/११/६ | २१०००.०० |
| ४०४०/२०७५/१२/२७ | ३००००.०० |
| ४५९/२०७६/१/१७ | ४५०००.०० |
| ४९४/२०७६/१/२४ | १५०००.०० |
| ५८०/२०७६/३/३ | ६३०००.०० |
| ६८५/२०७६/३/२५ | ७००००.०० |
| ७१२/२०७५/१२/८ | २१०००.०० |
| ७/२०७६/५/२३ उर्जा कार्यक्रम | ६६०००.०० |
| ६/२०७६/३/२५ प्र म स्वरोजगार | ८३०००.०० |
| **जम्मा** | **४८७०००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | **प्रमाण पेश गर्नुपर्नेः** स्वीकृत कार्यक्रम र बजेट निर्धारित कार्यमा खर्च गरी रितपूर्वकको बिल भरपाईसहितको लेखा राख्नुपर्नेमा कार्यालयले विभिन्न समयमा वडागत रुपमा स्थानीय क्लव तथा संस्थाहरुहरुलाई कार्यक्रम सञ्चालन  भनि प्रदान गरको रकम ति संस्थाहरुले उपयोग गर्न पूर्ववत पेश गरेको कार्यक्रम अनुसार खर्च गरी सोको विल भरपाई सहितको भुक्तानी माग्नुपर्नेमा सम्वन्धीत निकायले आवश्यक खर्चका प्रमाण एवं सो कार्यक्रम सञ्चालन गरेको प्रमाण र वितरण भरपाई बेगर अनुदान रकम भुक्तानी भएको देखिएकाले सो को बिल भरपाई पेश हुनुपर्ने रु. | **५३६०००/-** |

| संस्थाको नाम र ठेगाना | प्रदान गरेको रकम |
|---|---|
| जानकी सामुदायिक वन उपभोत्ता | १०००००.०० |
| विद्यालयहरुलाई अनुदान | ३३६०००.०० |
| उग्रतारा वेद विद्याश्रम | १०००००.०० |
| **जम्मा** | **५३६०००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०. | **अग्रिम कर (ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना)**<br><br>आयकर ऐन २०५८को दफा ८९(१) मा ठेक्का करार वा अन्य भुक्तानी दिदा भुक्तानी रकममा १.५% अग्रिम कर कट्टी गरी वाकी रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजनामा विलको भुक्तानी दिदा कर कट्टी नगरी भुक्तानी दिएको छ । ऐन अनुसार लाग्ने कर सम्वन्धितबाट असुल हुनुपर्ने रु. | **२१७७९/-** |

| गो.भौ. नं. । मिति | योजना | भुक्तानी रकम | १.५% कर |
|---|---|---|---|
| नखुल्ने | कैलुन झागर खोला न्याउली खा पा योजना | ९८६७१.१९ | १४८०.०० |
| १०/२०७६/३/२५ | ठूलोखोला वहुउद्धेश्यीय योजना | ३९९१६३.४३ | ५९८७.०० |
| ७/२०७६/१/२४ | सेलाकुलो वहुउद्धेश्यीय सुधारिएको घट्ट योजना | ५५७१४२.७९ | ८३५७.०० |
| १५/२०७६/३/२५ | सेलाकुलो वहुउद्धेश्यीय सुधारिएको घट्ट योजना | ३९७००७.१६ | ५९५५.०० |
| **जम्मा** | | | **२१७७९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५१. | **वितरित भरपाईको आधिकारिकता सम्बन्धमाः**<br><br>गाउँपालिकाले स्वीकृत बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा गाउँपालिकाबाट सञ्चालित  वितरणमुखि कार्यक्रम सञ्चालन गर्दा पेश भएका वितरण भरपाईमा मिति समेत नखुल्ने, हस्ताक्षर नै नरहेको, अधिकांश भरपाईहरु सादा पानामा पेश गरेको देखियो ।  गाउँपालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले समेत यस्ता बिल भरपाई प्रमाणित गरेको समेत पाईएन । वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु बुझाउदा पहिचान स्पष्ट खुल्ने किसिमका बिलभरपाई तयार गरी सो लाई आधिकारीक व्यक्तिबाट प्रमाणित भई आए पछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गरी वितरणमुखी कार्यक्रमको अनुदान दुरुपयोगमा नियन्त्रण गर्नुपर्दछ । | |

| गो.भौ.न /मिति | कार्यक्रमको नाम | कार्यक्रम खर्च |
|---|---|---|
| १३८/२०७५/८/२३ | आलु विऊ वितरण ४००० के जी( ५०%अनुदान) | २०००००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | २३६/२०७५/१०/३ | पेडि थ्रेसर ४ थान(वडा न ३) | ८0000.00 | |
| | | मिनि टेलर १ थान(वडा न ३) | ९0000.00 | |
| | | गहुंको विऊ ५०० के जी(वडा न ३) | ३५000.00 | |
| | | आलुको विऊ ६०० के जी(वडा न ३) | ३0000.00 | |
| | | तरकारी किट १०० सेट(वडा न३) | १५000.00 | |
| | २७२/२०७५/१०/२५ | गहुको विऊ वितरण १४९८के जी (५०% अनुदान) | ७५000.00 | |
| | ३००/२०७५/११/१२ | कुखुरा चल्ला वितरण ६००वटा | १६८000.00 | |
| | ३०२/२०७५/११/१३ | फलफूल वितरण ३००वोट | १९0000.00 | |
| | ३१४/२०७५/११/१९ | मेटल विन ४० सेट(५०% अनुदान) | २२0000.00 | |
| | **पूजिगत तर्फ** | | 0 | |
| | ६९/२०७५/१०/१४ | हाते ट्याक्टर वितरण २ वटा | **३00000.00** | |
| | ५९/२०७५/१०/२० | कृषि औजार मेशिन २७ वटा | **५९१५७९.00** | |
| | ४८/२०७५/१०/११ | कृषि सामाग्री ७ वटा | **८४६५0.00** | |
| | ४५/२०७५/१०/३ | थ्रेसर खरिद २ वटा | **२00000.00** | |
| | १६८/२०७६/२/२० | थ्रेसर मेशिन | **२४000.00** | |
| | जम्मा | | **२३०३२२९** | |
| ५२. | **विविध खर्च सम्बन्धमाः**<br>कार्यालयले बजेट खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च देखाइएको निम्नबमोजिमको खाजा/खाना वापतको रकम के प्रयोजनका लागि कुन-कुन कार्यक्रममा खर्च गरिएको सो सम्बन्धी स्वीकृत कार्यक्रम लागत अनुमानवेगर प्रयोजन नै नखुलाई खर्च भएको देखिएकाले खर्चको प्रमाण पेश हुनुपर्ने रु. | | | ८८२९६७/- |

| गो.भौ.नं./मिति | विल /रकम |
|---|---|
| ११/२०७५/६/८ | ३४८५0.00 |
| १६/२०७५/६/८ | १३४५0२.00 |
| २८/२०७५/६/२६ | ५५८१५.00 |
| १२९/२०७५/८/११ | ८८७२0.00 |
| २२०/२०७५/९/२७ | ९४२00.00 |
| २२१/२०७५/९/२९ | १२0७00.00 |
| ३०४/२०७५/११/१२ | ५१७५५.00 |
| ३०५/२०७५/११/१३ | ५५000.00 |
| ३६९/२०७५/१२/२४ | ७३७२५.00 |
| ४००/२०७५/१२/२० | ६४७00.00 |
| ६२७/२०७६/३/१९ | १0९000.00 |
| जम्मा | **८८२९६७** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५३. | **प्रमाण वेगरको खर्चः**<br>स्वीकृत कार्यक्रम र वजेट निर्धारीत कार्यमा खर्च गरी सो संग सम्वधित खर्चका विल विजक सहितको लेखा राख्नु पर्नेमा विल भरपाई वेगर खर्च लेखेको निम्नानुसारको कारोवारबाट भुक्तानी रकम प्रमाण वेगरको खर्च असुल दाखिला हुनुपर्ने देखिएको रु. | २२७३२८/- |

| गो.भौ. नं. । मिति | रकम | विवरण |
|---|---|---|
| ३७/२०७५/६/२६ | २२५४८.०० | अनुगमन खर्च |
| १४७/२०७५/८/२ | ५००००.०० | अनुगमन खर्च |
| १६८/२०७५/८/२० | ४४४३०.०० | पेश्की फछ्र्योट |
| ६८८/२०७६/३/२५ | १५०००.०० | विलभन्दा वढी भुक्तानी |
| ८/२०७६/३/२४ | ९५३५०.०० | प्रधानमन्त्री रोजगार कार्यक्रम प्रमाण वेगरको खर्च |
| जम्मा | **२२७३२८** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५४. | **असुल हुनुपर्नेः**<br>गाउँपालिकाद्धारा संञ्चालन गरीने सूचनामूलक, प्रवर्धानत्मक कार्यक्रमको उदघाटन समापन जस्ता अनौपचारिक वजेट तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलामा अध्यक्षता लगाएत सम्मानजक आथित्यता गर्दा पारिश्रमिक भत्ता लिन पाउने व्यवस्था देखिदैन । तर कार्यालयले यस्ता कार्य वापत भत्ता वितरण गरेको देखियो । ऐन नियममा व्यवस्था नभएको गो भौ न ४९४।२०७६।१।२४ बाट मेलमिलाप तालिममा कार्यक्रम संयोजकहरुले सोहि कार्यक्रममा अनुगमन वापत भनि वुझेको रकम असुल दाखिला हुनुपर्ने रु | २५५००/- |

| नाम | कर कट्टी पछिको रकम |
|---|---|
| मया शाही | ६३७५.०० |
| चन्द्रा देवि विष्ट | ६३७५.०० |
| दान वहादुर ठगुन्ना | ६३७५.०० |
| पदम वहादुर खाती | ६३७५.०० |
| **जम्मा** | **२५५००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५५. | **कर कट्टी दाखिला हुनुपर्नेः** वडा न ५का कर्मचारी प्रोत्साहन भत्ता वापतको भुक्तानीमा कट्टि गरेको कर रकम दाखिला गर्नुपर्ने रु. | ६०००/- |

| नाम | भुक्तानी रकम | १५% कर रकम |
|---|---|---|
| भक्त सिंह कुवर | ३००००.०० | ४५००.०० |
| मनिराज पडाल | १००००.०० | १५००.०० |
| | **जम्मा** | **६०००.००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५६. | **अन्य निकायको खर्च**<br>स्वीकृत बजेटभित्र तोकिएको खर्च शिर्षकमा मात्र खर्च गर्नुपर्नेमा गाउँपालिकाले अन्य कार्यलय वा संस्थाहरुको पूँजीगत प्रकृतिका खर्च शिर्षकमा रकम भुक्तानी तथा नगद अनुदान समेत प्रदान गरेको छ । अन्य कार्यलय/संस्थालाई दिने यस्ता अतिरिक्त अनुदान नियन्त्रण हुनुपर्दछ । | |

| भौ न | संस्थाको नाम | अनुदानको प्रयोग | अनुदान रकम |
|---|---|---|---|
| **२०३** | सयपत्री महिला सहकारी | भवन निर्माण | १९२०००.०० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२०९</td><td>नेपाल रेडक्रस शाखा</td><td>भवन मर्मत</td><td>१९२०००.००</td></tr>
<tr><td>२३६</td><td>नेपाल रेडक्रस शाखा वडा न ४</td><td>भवन मर्मत</td><td>१९२०००.००</td></tr>
<tr><td>२४४</td><td>कृषि फर्म घेरवार</td><td>नयां घेरवार</td><td>३८०००.००</td></tr>
<tr><td>१६९</td><td>मिलन आमा समुह</td><td>भवन निर्माण</td><td>४८०००.००</td></tr>
<tr><td>१७०</td><td>भगवती आमा समुह</td><td></td><td>४८०००.००</td></tr>
<tr><td>१८९</td><td>सरस्वती आमा समुह</td><td></td><td>४८०००.००</td></tr>
<tr><td>७१</td><td>रेडक्रस समिति</td><td>भवन निर्माण</td><td>२८८०००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०४६०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७.</td><td>असम्वन्धित योजनाको भुक्तानीः संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको प स २०७४।७५ च न १४४,मिति २०७४।१०।९ को पत्रको निर्देश अनुसार विगत वर्षमा ठेक्का सम्झौता भई चालु आ व मा कार्यान्वियन भएर प्राविधिक कारणबाट भुक्तानी वाकी रहेको अधुरा योजनाको भुक्तानी दिनुपर्ने भए सम्पन्न भएका त्यस्ता योजनाको भुक्तानी रोकिएको स्पष्ट कारण सहित कार्य सम्पन्न प्रतिवेदन र प्रमाणित लेखा विवरणका आधारमा जिल्ला समन्वय समितिबाट भुक्तानी दिइ सो को योजनागत भुक्तानीको विवरण तयार गरी मन्त्रालय पठाउन निर्देशन भएकोमा जिल्ला समन्वय समितिको कार्यालयले स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तरगतको सकायल कैलपालमाण्डौ सडक निर्माण कार्यको ठे न ०५,२०७३।०७४ ठेक्काको दोस्रो रनिङ वील वापतको रु १२००९८७.भुक्तानी दिन गाउँपालिकालाई सिफारिस गरेको देखियो । म.ले.प.फा.नं. १८ भरी योजनाको भुक्तानी वाकी जनाई जिल्ला समन्वय समितिबाटै भुक्तानी हुनुपर्ने भुक्तानी वाकीको वील स्थानीय तहमा पठाई खर्च लेख्न पाउने एकिन आधार नदेखिएको, अधुरा योजनाहरु विधिवत रुपमा स्थानीय तहलाई हस्तान्तरण समेत नगरेको अवस्थामा भुक्तानी दिन वाकी दायित्व स्थानीय तहले लिनुपर्ने कुनै आधार देखिदैन । विगतमा भुक्तानी हुन नसकेको कारण सहितको भुक्तानी दिनुपर्ने वाकी योजनागत अभिलेख नराखेको अवस्थामा गत विगतका योजनाको भुक्तानी दिन वजेट विना नै समितिले स्थानीय तहलाई गरेको निर्देशन उचित देखिएन । भुक्तानीको सिफारिस गरेको अभिलेख मन्त्रालय समेत नपठाइ असम्वन्धित कार्यको भुक्तानीको लागि सिफारिसगर्ने प्राविधिक लगायत आदेश दिने पदाधिकारीलाई जिम्मेवार वनाई असम्वन्धित खर्चको वजेट वेगर खर्च लेखेको रकम असूल हुनुपर्ने रु.</td><td>१२००९८७/-</td></tr>
<tr><td>५८.</td><td>निर्माण सामग्रीः<br>कार्यालयले वर्षान्तमा निम्नानुसारका निर्माण सामाग्रीहरु खरिद गरी भुक्तानी दिएको छ । निर्माण कार्यमा प्रयोग हुने यस्ता सामानहरु कार्यक्रम अनुसार सम्वन्धीत योजनमा उपयोग हुनु पर्दछ । तर यसरी खरिद भएका पाईप, जाली कर्कटपाता जस्ता सामानहरु प्रयोग हुने योजना निश्चित नगरी हार्डवेयर खरिद, पाइप तथा फिटिङ खरिद भएको सोको खर्चको विल भरपाई तथा नापी कितावमा खर्च लेखि प्राविधिक शाखाबाट अभिलेख प्रमाणीत साथ पेश भएपछि जिन्सीबाट यी सामाग्री खर्च लेख्नुपर्नेमा सो वेगर खर्च लेख्ने गरेको, वर्षान्तमा यस्ता खरिद भएका सामान मध्ये वाकीको स्थीती एकिन हुन सक्ने गरी जिन्सी अभिलेख नराखेकोले खरिद भै वितरण गरेको भनिएका निर्माण सामाग्रीहरुको वाकी मौज्दात समेत एकिन गर्न सकिएन । उक्त परिमाणको हार्डवेयर सामान आगामी वर्षको कार्यक्रममा समावेश गरी विधिवत खर्च भएको प्रमाण पेश हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| गो.भौ.नं. । मिति | खरिद भएका सामग्री | भुक्तानी रकम |
|---|---|---|
| २१४/२०७६/३/३ | पाईप,ट्यांकी | ७९२९४.०० |
| २४०/२०७६/३/२८ | पाईप, जाली | ९८७४४.०० |
| २४८/२०७६/३/२५ | पाईप जाली | २७५०००.०० |
| २५५/२०७६/३/२५ | कर्कट पाता | २४४६४.०० |
| २५९/२०७६/३/२५ | पाईप कर्कटपाता | २३१८८९.६० |
| २६०/२०७६/३/२५ | पाईप खरिद | ५३७९०९.०० |
| २६२/२०७६/३/२५ | पाईप खरिद | ११५११९१.०० |
| २६८/२०७६/३/२५ | पाईप | ३०००००.०० |
| २७४/२०७६/३/२५ | पाईप तथा जाली वडा न २ | १३४८०९.०० |
| जम्मा | | २८३३३००.६ |

५९. **सडक स्तरोउन्नती एवं सरसफाईः**

कार्यालयले यसवर्ष पूजिगत भैपरी आउने विनियोजन शिर्षक समेतबाट गाउँपालिका भित्रका सडकहरु पहिरो पन्छ्याउने,मोड सुधार गर्ने,स्तरोउन्नती गर्ने जस्ता कार्यहरु उपभोत्ता समिति मार्फत कार्यान्वयन गरी वजेट खर्च गरेको छ । यसरी निर्माण भएका सडकहरुको काममा उपभोत्ताले व्यहोर्नु पर्ने श्रमदानको अंश,नापी कितावमा नखुलाई कूल मापन भएको काम बाट सम्झौतामा उल्लेख भएको भुक्तानी हुने रकम घटाएर वचेको रकम एकमुष्ट उपभोक्ताको योगदान देखाएको ,पहिरो सरसफाई गरेको भनि कुन कुन सडकमा पहिरो गई अवरुद्ध भएका हुन सोको विवरण वेगर सडक सफाई गरेको चेनेज समेत नखुलाई विल तयार गर्ने गरेको, यसरी पहिरो सफाई गरेको प्रति घनमिटरको दर रेट समेत सडकै पिच्छे फरक फरक दरमा विल भुक्तानी भएको, एउटै सडक पटक पटक पहिरो पन्छाएको भनि डोजरको विल राखि ठेकदारबाट कार्य गराई खर्च लेख्दै आएको, माटो कटिङको अतिरिक्त मष्कउयकर्बा को समेत खर्चको विल वनाई भुक्तानी हुने अवस्था देखियो । गाउँपालिका भित्रका सडकको इन्भेन्ट्री समेत नराखी पटक पटक पहिरो पन्छाउने,मोड सुधार गर्ने जस्ता कार्यको शुरुमा नै वजेट तथा कार्यकम एकिन गरेर सडक निर्माणका कार्यक्रम कार्यान्वयन हुनुपर्दछ । खरिद तथा निर्माण कार्यका प्रकृया नपुर्याई वजेट खर्च भएका केही सडक सरसफाई तथा पहिरो पन्छाएको भनी खर्च लेखेका केही उदाहरण निम्नानुसार छन ।

| सडकको नाम | निर्माण कार्यको सम्झौता | लम्वाई | भुक्तानी रकम |
|---|---|---|---|
| फल्टाडी–कुजाकोट दाउखोला सडक | उपभोक्ता सिमिति | ३+६४५ | ३५०००००.०० |
| रेल कापडी गाउँ कैलपालमाण्डौ सडक | उपभोक्ता समिति | २+१९० | २००००००.०० |
| कैलपालमाण्डौ–मेड्डी देवल सडक | उपभोक्ता समिति | १+८१० | १४०००००.०० |
| सकायल कैलपालमाण्डौ सडक उन्नोती | उपभोक्ता समिति | ०+५१० | ६०००००.०० |
| विरखम्वा–सिर्मातोला सडक | उपभोक्ता समिति | १+२८० | ९०००००.०० |
| ग्रामिण सडक सरसफाई | ग्रा.स.स.उ.स. | ७१+८४० | ३६०००००.०० |

.

६०. **औषधि मौज्दातः**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जनतालाई आधारभूत स्तरको स्वास्थ्य सेवा सहज रुपमा पुऱ्याउन रु.१२ लाख बजेट विनियोजन गी औषधी खरिद गरेर वितरण गरेकोमा गाउँपालिकाले पेश गरेको जिन्सी खाता अनुसार औषधिको मौज्दात शुन्य रहेको देखियो । औषधिको न्यूनतम मौज्दात राख्नुपर्ने व्यवस्थालाई गाउँपालिकाले पालना गरेको पाइएन । गाउँपालिकाले औषधिको न्यूनतम मौज्दात राख्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६१. | **शिक्षा सशर्त:**<br>विद्यार्थीको यथार्थ तथ्यांक प्रवाह गर्ने उद्देश्यका साथ Education Management Information System (EMIS) निर्माण भई सञ्चालनमा रहेको छ । सोही EMIS को तथ्यांकका आधारमा गाउँपालिकाले पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर लगायतका विभिन्न अनुदानहरु निकासा गर्ने गरेको छ । तर निकासा गर्दा आधार लिएको तथ्यांक र पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरणलगायतको भरपाईका विचमा तालमेल भएको पाइएन । EMIS जेष्ठ ७ गते र चैत्र २३ गते अनिवार्य रुपमा Update गर्नुपर्ने तथा अन्य जुनसुकै समयमा आवश्यकता अनुसार Update गर्न सकिने व्यवस्था भएअनुसार EMIS लाई Update गरी तथ्यांकलाई यथार्यपरक बनाउन सम्बन्धित प्राविधिकलाई आवश्यक निर्देशन दिई अद्यावधिक गर्नेतर्फ गाउँपालिकाले ध्यान पुऱ्याउनुपर्दछ । | |
| ६२. | **सामाजिक सुरक्षा कार्यक्रम:**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन्: | |
| | (क) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.३१९६४५००।- नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| | (ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । निर्देशिकाले ब्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी भएको छ । अघिल्लो चौमासिकको खर्च यकिन गरेरमात्र दास्रो चौमासिकको निकासा दिने व्यवस्था गरी खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ६३. | **पेश्की :**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।<br>पेश्की फर्छ्यौटः<br>पेश्की दिएको रकम म्यादभित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभई बाँकी देखिएकाले समयमा फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको रु.<br>
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>पर्फेक्ट कन्स्ट्रक्सन</td><td>६०५२३५</td><td>मोविलाइजेसन</td></tr>
<tr><td>२</td><td>एस. के. कन्स्ट्रक्सन</td><td>५९१८०७</td><td>" "</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११९७०४२</td><td></td></tr>
</table></td><td>११९७०४२/-</td></tr>
<tr><td>६४.</td><td>आन्तरीक लेखापरीक्षण :स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । ऐनको ९६ वमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आफ्नो आन्तरिक आय तथा अनुदानबाहेकका केन्द्रीय ६ वटा शिर्षकको मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । गाउँपालीकाले आफनो बार्षिक आय व्यय तथा अन्य कोष समेतको ऐनको व्यवस्थाबमोजिम अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण गरी अन्तिम लेखापरिक्षणको लागि अद्याबधिक गराउनु पर्दछ ।</td><td></td></tr>
</table>

अनुसूची १

## गन्यापधुरा गाउँपालिकाको संचित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजींगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | गन्यापधुरा गाउँपालिका | डडेलधुरा | ३९०८ | ७१२१३ | १३३३१७ | ६९३०६ | २७३८३६ | १८८३६२ | ७४४०६ | ० | २६२७६८ | १४९७६ |

अनुसूची-२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | गन्यापधुरा गाउँपालिका | ४९ | १६ | ३३९३७ | ० | १ | २४५२८ | ४९ | १५ | ९४०९ | १४९७ | २९०४ | ३८११ | ० | ० | ६७१५ | ० | ११९७ | ११९७ |

अनुसूची-३

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | गन्यापधुरा गाउँपालिका | डडेलधुरा | ७१६० | ० | ७१६० | ० | ९४०९ | १६५६९ |